# महागढीमाई नगरपालिकाको प्रस्तावित
# आ.ब. २०७९/०८०
# को नीति तथा कार्यक्रम

महागढीमाई नगरपालिकाको नगर उप-प्रमूख, प्रमूख प्रशासकीय अधिकृत, नगरसभाका सदस्यहरु सर्वप्रथम म यस महागढीमाई नगरपालिकाको नगर सभाको छैठौं अधिबेशनमा यहाँहरुलाई हार्दिक स्वागत गर्दछु ।महागढीमाई नगरपालिकाको गरिमामय सभाअध्यक्ष भई कार्यभार संचालन गर्न गराउन मलाई दोस्रो कार्यकालको लागि अवसर दिनुभएकोमा यस नगरका मतदाता लगाएत सबै नगरवासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । महागढीमाई नगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम यस गरिमामय सभा सम्क्ष प्रस्तु गर्न पाउदाँ मलाई अत्यन्तै खुशी लागेको छ ।यस अवसरमा म संघिय, लोकतान्त्रिक, गणतन्त्र र स्थानीय स्वशासन स्थापनाको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जन आनदोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात, अज्ञात शहीदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वधिनता र स्वाभिमानको रक्षाको लागि त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

महागढीमाई नगरवासीको जनजीवनमा साकारात्मक परिवर्तनको अनुभुति गर्ने गरी विकाशशील, स्वच्छ र सुन्दर नगर बनाउन हामी कट्टिबद्ध छौं ।यसका लागि अगामि आर्थिक बर्षको नीति तथा कार्यक्रमको प्रमूख

प्राथमिक्तामा, आधुनिक तथा व्यवसायीक शिक्षा, सर्वसुलभ र गुणस्तरीय पहुचयोग्य स्वास्थ्य सेवा , उधमशीलता तथा रोजगारी प्रवर्द्धन, पुर्वाधार निर्माण, पर्यटन विकास ,खाध सुरक्षा, कृषि विकास र यातायात व्यवस्थापन रहेका छन् ।यी क्षेत्रहरुलाई लक्षित गरी योजना तयार गरी महागढीमाई नगरपालिकामा लागु गर्नुका साथै अन्य सरोकारवाला तथा राष्ट्रिय अन्तर्राष्ट्रिय साझेदार संघ संस्थाहरुसंग सहकार्य र साझेदारी गरी कार्यान्वयनमा लैजान पहल गरिनेछ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट आधारभूत मुल्य, मान्यताको सम्मान, मानव अधिकारको संरक्षण र सुशासन कायम गर्नका लागि संघ र प्रदेश सरकारको नीतिलाई आत्मसात गर्दै महागढीमाई नगरपालिकाले लिएको "**महागढीमाई नगरपालिकाको समृद्धिको आधार, कृषि, पर्यटन, रोजगारी र पुर्वाधार** " को दिर्घकालीन सोच पुरा गर्नेतर्फ प्रतिबद्ध रही महागढीमाई नगरपालिकाको आर्थीक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

संविधानमा उल्लिखित राज्यका, निर्देशक सिद्धान्त तथा नीतिहरु, दिगो विकासको लक्ष्य, राजनीतिक दलको चुनावी घोष्णापत्रहरु, संघ र प्रदेश सरकारको नीति तथा कार्यक्रम, नगर बासीको आपेक्षा र आवश्यक्ता, राजनीतिक दल, नागरिक समाजबाट प्राप्त सुझावहरुलाई आधारमानी प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

- **नगरपालिकाको समग्र नीति तथा कार्यक्रमः-**

१. महागढीमाई नगरपालिकालाई समृद्ध र सुशासित नगरपालिकाको रुपमा विकास गर्न आवश्यक योजना तयार गरी कार्यक्रम अघि बढाईने छ ।

२. नगरपालिकाको सेवा प्रवाह र विकास निर्माणका कार्यमा सुशासनको प्रत्याभूति गराईनेछ ।यसका लागि विधुतिय शासनलाई अंङ्गिकार गरी फेसलेस र पेपरलेस प्रविधि अपनाईने छ ।

३. महागढीमाई नगरपालिकाको आवधीक योजन तयारगरी कार्यन्वयन गरीनेछ। दिगो विकासको लागि संघ र प्रदेश सरकारका असल अभ्यासहरुको अनुसरण गरी अघि बढने नीति लिईनेछ।नगरपालिकाले कार्यान्वयन गरेका योजना तथा कार्यक्रमको अनुगमन र सुपरिवेक्षण पद्वतिलाई नतिजामुलक, पारदर्शी र उतरदायी बनाईने छ ।

- आर्थीक विकासः-

**(क)** कृषिः-

४. कृषिको आधुनिकिकरण, विविधिकरण तथा व्यवसायीकरण गरी आय आर्जन बढाईने नीति लिईने छ ।

५. नगरपालिकाको कृषि तथ्याङ्कको खण्डीकृत सूचना तयार गरी लागु गरिनेछ ।

६. मल, वीउ विजन, कृषि, उपकरण आदीको प्रबन्द्ध, उत्पादन बृद्धि, कृषि, उपज संकल्न तथा वितरणमा कृषि सहकारीलाई परिचालन गरिनेछ ।

७. कृषिको उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्न पौकेट क्षेत्र निर्धारण गर्ने र सो बमोजिम खेती गर्ने किसानलाई अनुदानको व्यवस्था मिलाईने छ ।

८. दातृ निकाय तथा संघ संस्थाहरु संग समन्वय र सहकार्य गरी साझेदारीमा आधारीत कृषि व्यवसाय, पशु व्यवसाय तथा लघु व्यवसाय संचालन गर्न प्रोत्साहन गरिने छ ।

९. किसानहरुले उत्पादन गरेको अनाजको सही मुल्य पाउन व्यवस्था मिलाउन अन्न भण्डारण गरिने नीति लिईछ ।यसका लागि पाँचहजार मेट्रिकटन क्षमता भएको शीत भण्डार निर्माणको डि.पी.आर. तयार भईसकेको छ।आर्थीक बर्ष २०७९/०८० निर्माण प्रकृया अघि बढाईने छ ।

१०. सहकारी तथ निजी क्षेत्रको लगानीमा गुणस्तरिय एवं आधुनिक तरिकाबाट खेति गर्ने किसान वा सहकारी संस्थालाई सहयोग गरिने छ ।

११. किसानहरुले सिचाईका लागि प्रयोग गरिरहेको विधुत मिटरको महशुल आर्थीक बर्ष २०७८/०७९ देखी निःशुल्क गरिएको छ र सोकार्यलाई अगामी बर्षमा पनि निरंतरता दिईने छ ।

**(ख) पशु, पंक्षी**

१२. महागढीमाई नगरपालिका क्षेत्रभित्रका किसानहरुका साना तथा ठुल्ला पशुहरुको विमा गर्ने नीति लिईनेछ ।  विमागर्दा किसानले तिर्नुपर्ने प्रिमियमको ५० प्रतिशत प्रमियम नगरपिकाले तिर्नेछ ।

**(ग)** सहकारीः-

१३ **"समृद्धिको लागि सहकारी अभियान"**  लाई सफल पार्न साना तथा मझौला व्यवसायमा संलग्न व्यक्ति वा समुहलाई सहकारीमा आबद्ध गराई आत्मनिर्भर बनाउने नीति लिईने छ ।

१४. सहकारी संस्थाको दर्ता नियमन र प्रबर्द्धन गरिने कार्यलाई निरन्तरता दिई थप प्रभावकारी बनाईनेछ ।सहकारी संस्थाको संस्थागत क्षमता अभिबृद्धिका लागि एकिकरण गर्ने नीति लिईने छ ।

१५. यस नगर भित्रका किसानहरुलाई आवश्यक पर्ने विउ विजन, रसायनिक मल आपुर्तिका लागि आवश्यक्ता अनुसार सहकारी संस्थाहरुलाई परिचालन गरिने छ ।

१६. नगर क्षेत्रिभत्रका सहकारी संस्थाहरुलाई CO-POMIS प्रणालिमा अनिवार्य रुपमा आबद्ध गराईने छ । १७. यस नगरपालिका क्षेत्र भित्रका बचत तथा ऋण सहकारी संस्थाहरुको बचत व्याज दर तथा ऋणको ब्याज दरमा एकरुपता लयाउने नीति लिईने छ ।

१८. यस नगरपालिकाभित्र परम्परागत सीप तथा उधमलाई प्रबर्द्धन र व्यवसायीकरण एवं बजारीकरण गर्न प्रोत्साहन गरिनेछ ।

१९.बैदेशीक रोजगारबाट फर्केका व्यक्तिको सामाजिक विप्रेशन लाई पहिचान र प्रमाणिकरण गरी उधमशिलताको विकासमा परिवर्तीत गर्ने नीति लिईने छ ।

२०. स्वदेशी उधममा आकर्षण गर्न बस्तुहरुको उत्पादन प्रबर्द्धन र बजारीकरणलाई प्रोत्साहीत गरिने छ ।

२१. यस नगरपालिकामा एक घर एक रोजगारको नीति लागु गरिने छ ।यसका लागि आंशिक रुपमा सक्रिय उमेरका नागरिकलाई स्थानीय उधम र व्यवसायमा आबद्ध गरी रोजगारी तथा स्वरोजगारीका अवसर मार्फत बस्तु तथा सोको उत्पादनलाई प्रबर्द्धन र बजारीकरण गरिनेछ ।

२२. विभिन्न विषयगत क्षेत्रका लागि आवश्यक्ताका आधारमा नगरस्तरीय एकिकृत साझेदारी कर्यक्रम संचालन गरीने छ ।

२३. स्थानीय समुदाय तथा निजी क्षेत्रसंग सहकर्य गरी आर्थीक तथा पर्यटन क्षेत्रमा योगदान पुर्याईने होटेल, रेष्टुरा, बजार एवम अन्य व्यापार व्यवसायहरुलाई सञ्चालन गर्न आवश्यक पुर्वाधरको व्यवस्था मिलाईने छ ।

२४. उधोगी, व्यवसायी तथा स्थानीय समुदायसंगको सहकार्यमा स्थानीय सामाजिक र साँस्कृतिक महोत्सवको  आयोजना गरि बजार तथा व्यवसाय प्रबर्द्धन गरिनेछ ।

**(घ)** पर्यटनः-

२५. पर्यटन प्रबर्द्धनको माध्यम बाट स्थानीय जनताको जीवनस्तर उकास्न यस महागढीमाई नगरपालिका लाई धार्मिक, पर्यटकीय, नगरीमा रुपान्तरण गरिने छ ।

२६. आन्तरिक तथा बाह्रय पर्यटकमाझ यस महागढीमाई नगरपालिकामा विश्व प्रसिद्ध धार्मि स्थल श्री मगढीमा मन्दिरलाई थप आकर्षक बनाईनेछ ।यसका लागि सुर्यमन्दिर निर्माणकार्य र अन्य पुर्वाधार निर्माणका कार्य द्रुतगतिमा अघि बढाईने छ ।

२७. श्री गढीमाई मन्दिरको विकास र सौंन्दर्यीकरणको लागि महागढीमाई विकास कोष स्थापना गरिनेछ ।

२८. अधिक पर्यटकलाई महागढीमाई नगरपालिकामा भित्र्याउन श्री गढीमाई मन्दिरलाई अन्य स्थानीय पर्यटकीय स्थलहरु संग आद्ध गरी धार्मीक, ,ऐतिहासि र साँस्कृतिक पर्यटकीय कोरीडोरको रुपमा विकास गरिने छ ।

२९. महगढीमाई नगरपालिका वडा नं. ११ स्थित श्री भिन्नक दासमठलाई पिकन्निक स्पोर्टको रुपमा विकास गर्न सम्भाव्य अध्ययन अघि बढाईने छ ।

३०. पुर्वधार निर्माण तथा सेवा क्षेत्र व्यवस्थापनमा साझेदारी विस्तार नीति लिईनेछ । यसका लागि महागढीमाई नगरपालिका कार्यालयमा परियोजना बैंक निर्माण गरिनेछ ।

- **सामाजिक विकासः-**

**(क) शिक्षाः-**

३१. विकासको पहिलो स्तम्भ शिक्षाहो ।शिक्षामा सबै वालवालिकाको सहज पहुँच हुनु पर्छ ।यसका लागि विद्यालयको पुर्वाधार तथा शैक्षिक वतावरणलाई स्वचछ ,अनुशासित र मर्यादित बनई गुणस्तरीय शिक्षा प्रदान गरिने छ ।

३२. सबै सार्वजनीक विद्यालयमा नगरपालिकाको तर्फबाट सरसफाई गर्ने कर्मचारीको व्यवस्था गरिने छ ।

३३. आधारभूत तह देखी माध्यमिक तह सम्म विद्यार्थी संख्याको आधारमा विषय गत शिक्षकको व्यवस्था गरीने छ ।विद्यार्थीमा पढाई संगै खेलकुदको विकास पनि उतिकै महत्व हुनाले सामुदायीक विद्यालयहरुमा आवश्यक्ता अनुसार खेलकुद शिक्षकको व्यवस्था गरिनेछ । प्रत्येक बर्ष नगर स्तरिय मेयर शिल्ड प्रतियोगिताको आयोजना गरिने छ ।

३४. सबै सामुदायीक विद्यालयहरुको विधुत महशुल नगरपालिकाबाट ब्यहोरीने छ ।

३५. बाल अधिकारको प्रबर्द्धन गर्नुका साथै बालवालिकाहरु लाई कक्षाकोठामा टिकाउनका लागि प्रत्येक सामुदायीक विद्यालयको प्रारम्भिक कक्षाकोठाको सुधार गरी कार्तिक मशान्त भित्र वालिविकासको लागि **खेल्दै पढदै पाउन छुटै** कक्षाकोठाको व्यवस्थापन गरिनेछ । वालविकास सहजकर्ता नभएको विद्यालयमा वालविकास सहजकर्ता व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

३६. सामुदायीक विद्यालयहरुलाई पुर्ण रुपले व्यवस्थीत गरी गुणस्तरिय शिक्षा प्रदान गरिने छ ।यसका लागि आवश्यकता अनुसर भवन निर्माण, पर्खाल नभएका विद्यालयहरुमा पर्खाल निर्माण र डेक्स बेन्चको व्यवस्था गरिनेछ ।

३७. प्रत्येक सामुदायीक विद्यालयमा कार्यालय व्यवस्थापनका लागि स्टिल दराज ,टेवल र कुर्सीको व्यवसथा गरिने छ ।

३८. विद्यायार्थीको शैक्षिक मुल्याङ्कनमा अतिरिक्त कृयाकलापको मुलयाङ्कनलाई समेत जोडिने छ । यसका लागि सबै सामुदायीक विद्यालयमा बर्षै भरी अतिरिक्त कृयाकलाप संचालन गर्ने नीति लिईने छ ।

३९. शिक्षामा सुधार तथा विद्यालयको गुणस्तरियता मुलयाङ्कनगरी राम्रोलाई पुरषकार तथा न राम्रोलाई दणडित गर्ने सिफारीस गर्नकालागि अनुगमन

समितिको दायारा फराकिलो पार्ने निति लिईने छ।प्रधानाध्यापकहरु लाई पाउने माशिक भत्ता तथा सेव सुविधामा नगरपालिकाको तर्फबाट थप गरी समानजनक बनाईनेछ ।

४०. महिलाहरुको शिक्षामा पहुच बढाउनका लागि यस महागढीमाई नगरपालिकाको प्रथम नगर सभाबाट बेटी बचाउ बेटी पढाउ अभियान कार्यक्रम संचालन गरी यस नगरपालिका क्षेत्रभित्रका सामुदायीक विद्यालयमा अध्ययनरत कक्षा ९ का छात्राहरुलाई साईकल वितरण गर्ने कार्यलाई निरन्तरता दिईने छ।

४१. कक्षा ११ र १२ का लागि आर्थीक बर्ष २०७८/०७९ देखी शुरु गरिएको छात्रबृतिलाई निरंतरता दिईने छ ।साथै MBBS र ENGINEER को स्कलरसीप ईन्ट्रान्स परीक्षामा नम निकालन सफल हुने विद्यार्थीलाई दिदै आईरहेको छत्रबृतिलाई निरंतरता दिईने छ ।

४२. श्री भोला माध्यकि विद्यालय गंजभवानीपुर, श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बेनौली र श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बबुआईनलाई प्राविधिक विद्यालयको रुपमा स्थापनागरी क्रमशः भेटनरी शिक्षा, कृषि शिक्षा र कम्प्युटर शिक्षा अध्यापन गराईनेछ ।

**(ख) जन स्वास्थ्यः-**

४३. महागढीमाई नगरपालिकाका दुईवटा स्वास्थ्य केन्दमा निःशुल्क LAB संचालन हुदै आईरहेकोमा अगामी आ.ब.मा थप विस्तार गरी अन्य स्वास्थ्य संस्थाहरु समेतमा संचालन गरिने नीति लिईने छ ।

४४. यस नगरपालिकाका नागरिकको स्वास्थ्य उपचारका लागि नगरपालिकाको तर्फबट दुई वटा MBBS डाक्टरको व्यवस्था गरीने छ ।

४५. नगरपालिका भित्रका दिर्घ रोगीहरु जस्तैः- सबै प्रकारका क्यान्सर, मृगौला, मुटू , मेरुदण्ड सम्बन्धी जटील रोग भएका विरामीहरुलाई दिईदै आईरहेको सेवा सुविधा तथा आर्थीक सहयातलाई निरंतरता दिईने छ ।

४६. महागढीमाई नगरपालिका क्षेत्रभित्रका रोगीहरुको लागि नगरपालिकाको एम्बुलेन्स सेवालाई निःशुल्क रुपमा संचालन गर्ने नीतिलाई निरंतरता दिने छ ।

४७. बहु क्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने नीति लिईने छ ।

४८. नेपाल सरकारबाट निःशुल्क स्वास्थय सेवा लगाएत निःशुल्क रुपमा उपल्बध गराईने औषधीमा नगरपालिकाको तर्फबाट थप औषधीको व्यवस्था गरिने छ ।

४९. १५ शैयाको नगर अस्पताल निर्माणको डिपीआर तयार भईसकेकोले अगामी आर्थीक बर्ष २०७९/०८० मा निर्माण प्रकृया अगाडी बढाईने छ

३५.नगर भित्रका गर्भवती आमालाई नियमित स्वास्थय चेक जाँचकालागि स्थानीय स्तरमै विशेषज्ञ डक्टरक बोलाई स्वा प्रदान गर्ने तथा जटील अवस्थामा थप सुविधा सम्पन्न अस्पतालमा प्रेशन गरिएको अवस्थामा नगरपालिकाको एम्बुलेन्स सेवा बाट प्रेशन गरिएको अस्पताल सम्म पुर्याउने नीति लिईने छ ।

३६.नेपाल सरकारबाट निःशुल्क स्वास्थय सेवालगाएत निःशुल्क रुपमा उपल्बध गराईने औषधीमा थप टेवा पुरयाईने नीति अपनाईने छ ।

५०..आयुर्वेदिक एवं प्राकृतिक चिकित्सा प्रणालीको विस्तार गरिने छ । आम नागरिकलाई योगाभ्यास र शारीरिक व्याम सहितको सक्रिय जीवन पद्धति अपनाउन प्रेरित गरिनेछ । वडाहरुमा व्यामशाला, अरोग्य केन्द्र र योग केन्द्रहरु स्थापना गर्न प्रोत्साहित गर्ने कार्यक्रम गरिने छ ।

00. ज्येष्ठ नागरिकहरुलाई लक्षित गरी विषेष्ज्ञ चिकित्सक सहितको स्वास्थ्य शिविरहरु संचालन गर्ने नीति लिईने छ ।

००. आश्यक्ता अनुसार स्वास्थ्यकर्मीको टोलि बनाई घुम्ति स्वास्थ्य सेवा संचालन गरिनेछ ।

००. स्वास्थ्य संस्थाहरुको सेवा विस्तार तथा गुण्स्तर सुधारमा जोड दिईनेछ । यसकालागि समुचित भौतिक पुर्वाधार निर्माण जन शक्ति व्यवस्थापन सरसफाई तथा औषधी तथा अन्य औजार उपरणहरुको आपुर्तिमा विषेश जोडदिईने छ ।

००.स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्यम्सेविकाहरुको क्षम्ता अभिबृद्धि गर्न विशेष किसिमका तालिम तथा औलोकन भ्रमण गराईनेछ ।

००.महिला स्यम्सेविकाहरुलाई नगरपालिकाबाट दिदैआईरहेको मशिक भत्तालाई निरन्तरता दिईनेछ ।

**(ग) युवातथा खेलकुदः-**

५१. "विकासको धरोहर युवा " अभियान संचालन गरी युवाशक्ति परिचालनको नीति अवलम्बन गरिनेछ ।यसकालागि युवासंग अर्थपुर्ण सहभागिता र सहकार्यमा जोड दिईने छ ।

५२. वतावरण संरक्षण, हरियाली प्रबर्द्धन एवं जनचेतना मुलक कार्यक्रमहरुको आयोजना गर्दा युवाहरुको सहभागितालाई विशेष प्राथमिक्ता दिईनेछ।

५३. खेलकुदको माध्यमद्वारा युवाहरुको व्यक्तित्व विकास गर्न यस नगर क्षेत्रमा शारिरिक व्यामशाला रंगशाला/कबर्डहल एवं खेल मैदानको विकास र विस्तार गरिनेछ । अन्तर नगरपालिका खेलकुद प्रतियोगिता आयोजना गरी खेलकुद मार्फत नगरपालिका वीचको संस्थागत सम्बन्धलाई प्रगाढ बनाईने छ ।

५४. युवाहरुलाई कुलत तथा दुर्व्यसनबाट बचाउन संचेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ ।

५५. युवाहरुको सहयोगी समुह तयार गरी प्रत्येक वडामा युवासंग मेयर कार्यक्रम संचालन गरिने छ ।

**(घ) सामाजिक कल्याणकारी नीतिः**

५६.लैङ्गिक हिंसाका पिडित विपन्न, असहाय, महिला तथा बालवालिका, ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति तथा सामाजिक रुपले वञ्चितिकरणमा

परेका व्यक्तिहरुलाई उद्धार, सहायता ,पुनर्स्थापन र पुनर्स्थानीकरण गर्ने कार्यक्रम लागु गरिने छ ।

५७. महिला संचेतना तथ क्षमता विकास कार्यक्रमलाई प्राथमित्तामा राखीसञ्चालन गर्ने निति लिईने छ ।

५८. ज्येषठ नागरिक सम्मानका लागि आवश्यक कार्यक्रम गरिने छ । चालु आर्थीक बर्ष २०७८/०७९ मा  महागढीमाई नगरपालिका वडा नं. ६ मा ज्येषठ नागरीक मिलन केन्द्रको भवन निर्माणकार्य अघि बढीसकेकोछ । अगामी आ.ब.२७९/०८० मा निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याईने छ ।

५९.जयेष्ठ नागरिकहरुको निःशुल्क स्वास्थय परिक्षण गर्न प्रत्येक वडामा स्वास्थ शिविर संचालन गरिने छ । बाल श्रम र बाल विवाह न्युनिकरण गर्न बाल हेल्पलाईन संचालन गरिने छ ।

६०. अपाङ्गता भएका व्यक्तिहरु मध्ये स्नातक ( BA, BBS, BSc, BEd  and LLB)  पढन चाहनेहरुलाई नगर प्रमुख कार्यक्रम अन्तर्गत पुर्ण छत्रबृति प्रदान गरिने छ ।र अन्य अपाङ्गत भएका व्यक्तिहरुलाई आवश्यक सहायता सामग्रि वितरण गर्ने निति लिईने छ ।

**(ङ) खानेपानी तथा सरसफाईः**

६१. महागढीमाई नगरपालिकाका जनताहहरुलाई स्वच्छ, सफा र आर्सेनिक रहित पिउने पानी उपलब्ध गराउनका लागि खानेपानी परियोनाहरुलाई संचालन गरी पाईपलाईन विस्तार गरिने छ ।

६२.महागढीमाई नगरपलिकालाई पुर्ण सरसफाई युक्त नगरपालिका बनाउन नीति लिईएको छ ।

६३. नगरलाई पुर्ण सरसफाई तर्फ उन्मुख गराउन शौचालयको प्रयोग गर्न प्रोत्साहन गरिने छ ।सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गर्नुका साथै संचालनमा रहेका सार्वजनीक शौचालयहरुको मर्मत संभारकार्य गरिने छ।

**(च) साँस्कृतिक संम्पदाः-**

६४. ऐतिहासिक,धार्मिक, पुरातात्विक महत्वका सम्पदा लगाएत मठ मन्दिर , भाषा , संस्कृति, जात्रा, मेला आदीको संरक्षण तथा सम्बर्द्धन गर्ने नीनि लिईने छ ।

६५. महागढीमाई नगरपालिका क्षेत्रभित्रका विभिन्न धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक स्थानहरुको मौलिक एवम प्राचिन नाम खोजि गरी पुनर्स्थापन गरिने छ ।साथै आधिकारीक नामाकरण हुन बाँकी रहेको टोल ,सडक, चोक आदीको नामाकरण गर्नुपर्दा नगरपालिकाको स्वीकृति अनिवार्य लिनुपर्ने व्यवस्था गरिने छ ।

६६. महागढीमाई नगरपालिकाको ईतिहास, साँस्कृतिक, मौलिक परम्परा समेटी तस्वीर चित्रकथा निर्माण गरिनेछ ।साथै विभिन्न स्थानहरुकमा भिते चित्र राखिने छ ।

- भौतिक पुर्वाधार विकासः-

(क) पूर्वाधार विकासः-

६७.महागढीमाई नगरपालिकाको धार्मीक, तथा साँस्कृतिक पक्षलाई ध्यानमा राखी भौतिक पुर्वाधारको विकास तथा विस्तार गर्ने नीति लिईने छ ।

६८. महागढीमाई नगरपालिका क्षेत्र भित्रका प्रमुख सडकहरुलाई कालो पत्रे गर्ने कार्य गरिनेछ । सहायक सडकहरु ढलान/ ग्रेभल र स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

६९. नगरको प्रमुख चोकहरुलाइ उज्यालो बनाउन हाईमास्टलाईट जडान कार्य्रमलाई निरन्तरता दिईनेछ।

७०. महागढीमाई वडा नं.२ स्थित बरियारपुर बजाको पोखरी सौंन्दर्यकरणको कार्यलाई निरंन्तरता दिईनेछ

७१. महागढीमाई नगरपालिक वडा नं.२ बरियारपुरमा निर्माण भईरहेको प्रशासकीय भवन निर्माण कार्य सम्मपन्न गरिनेछ । साथै वडा कार्यालय भवन नभएको वडाहरुमा अगमी आर्थीक बर्ष २०७९/८० मा वडा कार्यालय भवन निर्माण गरिने छ।

७२. बहुबर्षिय तथा अधुरो योजनाहरुलाई सम्पन्न गर्ने गरी अगामी आर्थीक बर्ष २०७९/०८० मा बजेट विनियोजन गरिने छ ।

७३. यस नगरपालिका क्षेत्र भित्रका नदीहरुले खेतियोग्य जग्गामा गर्ने कट्टान रोक्न नदी तटबन्ध गर्ने कार्य अघि बढाईनेछ ।

७४. विश्व प्रसिद्ध श्री गढीमाई मन्दिर क्षेत्रलाई पर्यटन प्रबर्द्धन गर्न श्री गढीमाई मन्दिर क्षेत्रभित्र ४-०-०-० विगहा जग्गा खरिदगरी पार्क निर्माण गर्न सम्भाब्य अध्ययन अघि बढाईने छ ।

**(ख) सिचाई**

७५. महागढीमाई नगरपालिका क्षेत्रभित्रका सिचाई परियोजनाहरुलाई मर्मत संभार गरी बर्षैं भरी सिचाई गर्न कुलो सरसफाई तथा कच्ची बाँध निर्माणलाई निरन्तरता दिईने छ ।

७६. नगरपालिका भित्रका कची बाधहरुलाई पकी बाँध निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

७७. सिचाईको पहुच नभएका वडाहरुमा कृषिलाईनको विस्तार तथा आधुनिक सोलर पम्पको व्यवस्था गरिनेछ ।

**(ग) शहरी विकास तथा भवन निर्माण मापदण्डः-**

७८. महागढीमाई नगरलाई दिगो, सुरक्षित, सफा र व्यवस्थित नगरको रुपमा विकास गरिने नीति लिईनेछ ।

७९.महागढीमाई नगरपालिकालाई स्मार्ट नगरको रुपमा विकास गरिने आवश्यक पूर्वाधार तयार गर्ने निती लिइनेछ ।

८०. नगरपालिकाबाट स्वीकृत भएको नक्साको डिजिटाईजेशन गर्नुका साथै नक्सा पास गर्दा डिजिटल प्रविधिको प्रयोग गर्न आवश्यक प्रकृया अघि बढाईनेछ । घर नक्सा अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

८१. महागढीमाई नगरपालिका क्षेत्रभित्र रहेका जग्गा भू-उपयोग ऐन र नियमावली अनुसार वर्गीकरण गरी भू-उपयोग नीतीलाई कार्यान्वयन गरिनेछ ।

८२. सार्वजनिक जग्गा र बाटो घटोको अतिक्रमण हटाइ आवत जावतलाई सहज गरिने छ ।

**(घ) सूचना प्रविधि**

८३. महागढीमाई नगरपालिकाको प्रमुख सार्वजनिक स्थानहरुमा FREE WiFi ZONE निर्धारण गरिनेछ ।

८४. नगरपालिकाका सबै शाखा र वडा कार्यालयहरुमा डिजिटल सूचना बोर्ड जडान गरिनेछ ।

८५. महागढीमाई नगरपालिकाको आफ्नै FM संचालन गर्न आवश्यक प्रकृया अघि बढाईने छ ।

८६. महागढीमाई नगरपालिकाको कार्यालयको कार्य प्रक्रिया पुर्ण रुपमा सूचना प्रविधिमा आधारीत हुनेछ । र सेवा प्रवाह तथा विकास निर्माणको पार्दशिताको लागि TOLL FREE  नम्बर सञ्चालनमा ल्याइनेछ ।

- **वतावरण तथा विपद व्यवस्थापनः-**

**(क) वातावरण**

८७.**"स्वच्छ हावा र स्वच्छ जीवन "** लाई साकार पार्न वायु प्रदुषण नियन्त्रण,  हरियालि ,प्रबर्द्धन र फोहोर, मैला व्यवस्थापनको व्यवस्थापन गर्न आधुनिक प्रविधिको उपयोग गरिनेछ ।

८८. नगरभरीका संकलित फोहोर मैला व्यवस्थापन गर्न फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गरिने छ।

८९. फोहोर बस्तुको प्रशोधन र पुनः प्रयोग गर्ने तथ फोहोर बस्तुबाट नयाँ ब्स्तु उतपादनगर्ने प्रकृया अघि बढाईने छ ।

९०. स्रोतमै फोहोर छुटयाएर संकलन गर्ने प्रणाली लागु गरिनेछ ।

९१. प्लाष्टिक, झोला न्युनिकरण गर्न कपडाको झोला तयारी तथा विक्रि वितरण गर्ने समुह वा व्यक्तिलाई प्रोत्साहन गरिने छ ।

९२. नवीकर्णीय उर्जा व्यवस्थापन र प्रबर्द्धन गर्न अनुदानको व्यवस्था गरिनेछ ।

९३. महागढीमाई नगरपालिकालाई हरित नगरको रुपमा विकास गर्न मुख्य सडक, खुल्ला क्षेत्र, सरकारी तथा गैर सरकारी संघसंस्था, विद्यालय परिसर, नदी किनारा, सार्वजनिक आदी जग्गामा वृक्षा रोपन गरिनेछ।

९४. यस नगर क्षेत्र भित्र निजि जग्गामा वृक्षा रोपन गर्ने कार्यलाई प्रोत्साहन गर्न नगद सहायताको व्यस्था गरिनेछ ।

९५. एक घर एक विरुवा कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।

**(ख) विपद व्यवस्थापनः-**

९६. महागढीमाई नगरपालिकाका सबै पुर्वधार निर्माणमा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनका अवधारणाहरुलाई आन्तरिकिकरण गरिनेछ ।

९७. महागढीमाई नगरपालिकाको विपद जोखिमको न्युनिकरण तथा व्यवस्थापन योजना तर्जुमा गरिनेछ । ९८. ततकाल आगलगिबाट बाच्नका लागि गाँउ, टोल, स्थित पोखरी, तलाउ तथा ईनारहरुको संरक्षण र सम्बर्द्धन गरिने छ ।

९९.सबै भौतिक पूर्वधारहरुलाई विपद प्रतिरोधी बनाइनेछ ।

१००. जोखिम युक्त भवन वा अन्य पूर्वधारलाई आवश्कता अनुसार मर्मत सम्भार वा पुनः निर्माण गरिनेछ ।

१०१. बाढी, आगलगी, चटयान, लुह र शितलहरको प्रकोपबाट पिडित भएका असहाय व्यक्ति वा गरीब परिवारलाई राहत वितरण गरिनेछ ।

१०२.विपद व्यवस्थापनका लागि विपद व्यवस्थापन कोष स्थपना गरिनेछ ।

- संस्थागत विकास तथा सेवा प्रवाहः-

१०३. महागढीमाई नगरपालिकाको संगठन संरचनालाई आवश्यक्ता बमोजिम पुनरावलोकन गरी सबै तहका कर्मचारीहरुको कार्यविवरण बनाई लागु गरिनेछ। कर्मचारीको कामको मुल्याङ्कन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्दै कार्यसम्पादन र कार्यदक्षतालाई आधार लिई सरुवा र बढुवा गर्ने नीति लिईनेछ ।

१०४.कर्मचारी प्रशासनलाई पारदर्शी , जवाफदेही , प्रतिस्पर्धी र उतप्रेरित बनाउन क्षमता विकास, अनुमान योग्य वृतिविकास र कार्य सम्पादनमा अधारित प्रोतसाहनको व्यवस्थालाई निरन्तरता दिईने छ ।

१०५. सबै तहका सेवा करारका कर्मचारीहरुलाई कार्य सम्पादन, मुल्याङ्कनको आधारमा सेवालाई निरन्तरता दिईनेछ ।

१०६. महागढीमई नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ , निष्पक्ष, पारदर्शी र जन मुखी बनाउन कर्मचारीहरुसंग कार्यसम्पादन सम्झौता गरी नतिजामा आधारीत कार्यसम्पादन मूल्याङ्कन प्रणाली अवलम्बन गरिनेछ ।

१०७. नगरपालिकाको वडाबाट हुने सेवा प्रवाहको प्रभावकारिता र राजस्व संकलनको आधारमा उत्कृष्ट वडा घोषणा गरी पुरस्कारको व्यवस्था गरिनेछ ।

१०८.सेवा प्रवाह र विकास निर्माणको कार्यमा भ्रष्टाचारमा शुन्य सहनसिलताको नीति कडाईका साथ लागु गरिनेछ ।

१०९. नगरपालिका कार्यालयमा सूचना अधिकारी , गुनासो सुन्ने अधिकारी र हेल्पडेक्स लाई थप प्रभावकारी बनाईनेछ ।

११०.नगरपालिका र वडा कार्यालयहरुमा विघुतिय र अडियो नागरिक वडा पत्रको व्यवस्था गरिनेछ।

१११. सबै वडा कार्यालयहरुमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै निरुपण गर्ने कानुनि व्यवस्थालाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।विवादको समधान वडास्तरमा गर्न मेलमिलाप शिविर सञ्चालन गरिनेछ ।

११२. आन्तरिक आय वृद्धि गरी नगरपालिकालाई आत्मनिर्भर बनाउन करका दायरा बडाउन नीति लिईनेछ।

११३. सबैवडा कार्यालयहरुमा राजस्व संकलनका लागि सफ्टवेयर जडान गरिनेछ ।

११४. वडा कार्यालयबाट गरिने सिफारीस वापत लिईने सबै किसिमका नागरिक्ता सिफारीस दस्तुर हटाईएको छ ।

११५ .महागढीमाई नगरपालिकको महालेखा परिक्षणबाट देखीएका हाल सम्मको बेरुजु फछ्यौंट गर्न आवश्यक प्रकृया अघि बढाईने छ ।

११६. प्रत्येक सार्वजनिक निर्माणहरुको अनिवार्य रुपमा सार्वजनिक सुनवाई गरिने व्यवस्थाको निरन्तरता दिदै थप प्रभावकारी बनाईने छ ।

उपस्थि सभासदस्य ज्युहरु

अव म अगामी आर्थिक बर्ष २०७९/०८० को स्रोत सिमा प्रस्तुत गर्न चाहन्छु ।

आर्थीक बर्ष २०७९/०८० को लागि संघ सरकारबाट वितिय समानिकरण अनुदान रु. ......... करोड ... लाख राजस्व बाँडफाडबाट रु. .... करोड .... लाख .... हजार सशर्त अनुदान रु. ..... करोड .... लाख सम्पुरक अनुदान रु. ..... करोड .... लाख र विषेश अनुदान रु. ... करोड ..... लाख गरी जम्मा रु. .... करोड .... लाख ... हजार र मधेश प्रदेश सरकारबाट सामानिकरण अनुदान रु .. करोड ... लाख ... हजार साजस्ववाडफाड बाट .... करोड ... लाख .. हजार विशेष अनुदा रु. ... करोड .. लाअ सम्पुरक अनुदान रु. .. करोड .. लाख .. हजार गरी संघ र प्रदेश गरी जम्मा रु. ...... करोड ..... लाख .... हजार को सिलिङ्ग प्राप्त

भएकोछ ।प्राप्त बजेट सिलिङ्गको परिधीभित्र रही अगामी आर्थीक बर्ष २०७९/०८० को लागि विनियोजन अनुमान गरिनेछ ।

यस नीति तथा कार्यक्रममा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने नगर उपप्रमुख कार्यपालिका सदस्यहरु नगर सभाका सद्स्यहरु कर्मचारीहरु संघसंस्थाहरु लगाएत सम्पुर्ण नगरबासीमा हार्दिक अभार प्रकट गर्दछु । साथै यो नीति तथा कार्यक्रमको सफल कार्यन्वयनमा यहाँहरुको सहयोगको अपेक्षा राखेको छु।

धन्यबाद ॥

जय गढीमाई !

उपेन्द्र प्रसाद यादव

नगर प्रमुख

मिति २०७९/०३/०८ गते बुधवार